**International Theatre Institute ITI**
**World Organization for the Performing Arts**

# विश्व रङ्गमञ्च सन्देश २०२१

हेलेन मिरेन, रङ्गमञ्च, फिल्म र टेलिभिजनकी कलाकार, युके

प्रत्यक्ष प्रस्तुतिहरुको लागि निक्कै अफठ्यारो समय हो यो । र, धेरै कलाकारहरु, प्राविधिकहरु, कालिगडहरु र महिलाहरु ठुलो संघर्ष गरिरहेका छन् जुन ठाउँ पहिलादेखि नै असुरक्षित छ । हुन सक्छ पहिलेदेखि नै भोग्दै आएको असुरक्षित स्थितिले यो महामारीलाई सामना गर्न विवेक र साहस प्रदान गरेकोछ । उनीहरुको कल्पनाले पहिले नै यस्तो नयाँ परिस्थितिसँग सामना गर्न सिर्जनशील, मनोरन्जनात्मक र चलायमान विकल्प खोजिसकेको थियो, खासगरी बढी आभारी इन्टरनेटप्रति छौं । मानिसहरु जहिलेदेखि यस ग्रहमा छन् त्यसबेलादेखि एकअर्कालाई कथा सुनाउँदै आइरहेका छन् । हामी यस ग्रहमा रहुन्जेल रङ्गमञ्चको सुन्दर संस्कृति जीवित रहनेछ । लेखकहरु, डिजाइनरहरु, नृत्यकारहरु, मञ्चकहरु, अभिनेताहरु, संगीतकारहरु, निर्देशकहरुको सिर्जनात्मक हुटहुटी कहिल्यै दबिने छैन । र, म चाहिन्न सक्दिन । हामी सँगसँगै बाँचिरहेको यो संसार चाँडैनै नयाँ उत्साह र समझले प्रज्वलित हुनेछ ।